## ताप्ली गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
रुपाटार, उदयपुर
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०८2/१०/२८**
**११४६ सिल्लागा नवमी**

यस कार्यालयबाट मिति:- २०८२/०९/२३ मा राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रित पुर्वक म्याद भित्र WWW.bolpatra.gov.np/egp मा दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरुको मुल्यांकन समितिले मुल्यांकन गर्दा तपशिल बमोजिमका शिलबन्दी दरभाउपत्र न्युनतम मुल्याङ्गकित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ आशयको ७ दिने सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ ।

| क्र.स. | ठेक्का नं /विवरण | बोलपत्रदाता को नाम ठेगाना | बोलपत्रदाता को प्रस्ताव गरेको रकम |
|---|---|---|---|
| १ | 04/TRM/UDA/NCB/082/083, Different road construction at ward no.4& 5 | त्रिबेणी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि कटारी-४ सिम्ले,उदयपुर | ३९४९४५४.७६ (भ्याट र पि.एस. सहित ) |
| 2 | 05/TRM/UDA/NCB/082/083, Different road construction at ward no. 1 & 2 | त्रिबेणी इन्जिनियरिङ्ग एण्ड सप्लायर्स प्रा.लि कटारी-४ सिम्ले,उदयपुर | ४३४१३०१.५२ (भ्याट र पि.एस. सहित ) |

**प्रमुख प्रशासकीय अधिकृत**

## Bakaiya Rural Muncipality
### Office of Rural Municipal Executive
**Hattisunde, Makawanpur**
**Bagmati Province, Nepal**

### Invitation for Electronic Bids

**Date of publication: February 11, 2026 (2082 Magh 28)**

Bakaiya Rural Muncipality, Hattisude, Makwanpur invites electronic bids from eligible bidders for below mentioned Construction Works under NCB bidding procedures as specified in Public Procurement Act and Regulations.

| S. N | Contract ID No. | Name of Works | Estimated Amount NRs. (with VAT) | Bid Security NRs. | Bid Doc Cost NRs. |
|---|---|---|---|---|---|
| 1 | BRM/NCBW/ 12//082-083 | CONSTRUCTION OF BUDDHA MA.VI. SCHOOL BUILDING, BAKAIYA-3 | Rs. 1,24,51,804.89 | 2,76,000.00 | 3000.00 |

*Note: Site visit is strongly advised to bidder before submission of bid.*

Other information shall be collected from our PPMO'se-GP system: www.bolpatra.gov.np/egp Or Bakaiya Rural Muncipality, Office of Rural Muncipal Executive, Hattisunde Makwanpur.

**Chief Administrative Officer**

## कटारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल .

### विधुतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०८२/१०/२८**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार तपसिलका योजनाहरुका लागी खरिद कार्य गर्नुपर्ने भएकोले इच्छुक फर्म, कम्पनीले बोलपत्र पाइने स्थान, दस्तुर, विडवण्ड पेश गर्ने खोल्ने स्थान लगायतका विस्तृत विवरण सहितको सूचना यस कार्यालयको Website: www.katarimun.gov.np र सूचना पाटीमा साथै यस बोलपत्र सम्बन्धी सूचना सार्वजनिक खरीद अनुगमन कार्यालय (PPMO) को Website www:bolpatra.gov.np/egp मा राखी यो विधुतीय माध्यमबाट बोलपत्र आह्वान गरिएको छ ।

**बोलपत्र सम्बन्धी खरिद कार्यको विवरण:-**

| सि.न. | बोलपत्र न. | कार्यको विवरण | स्वीकृत ल.ई. रकम (भ्याट सहित) रू. | धरौटी रकम रू. | बोलपत्र दस्तुर रू. | बोलपत्र पेश गर्नुपर्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|
| 1. | KMUN/NCB/ Goods/24/2082-083 | Supply and delivery of office goods and stationery items | 31,43,795.6 | 80,000.00 | 3,000.00 | 13th March,2026 12:00 Noon |
| 2 | KMUN/NCB/ Goods/25/2082-083 | Supply and delivery of sanitary pad disposal machines | 11,18,700.00 | 27,000.00 | 3,000.00 | 13th March,2026 12:00 Noon |

**प्रमुख प्रशासकीय अधिकृत**

## गेरुवा गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
पशुपतिनगर, बर्दिया

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मिति : २०८२/१०/२८)**

यस कार्यालयको तपशिलको मितिमा प्रकाशित विद्युतिय बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार तपशिलमा उल्लेखित ठेक्काको लागी दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र, बोलपत्र मूल्याँङ्कन समिति बाट न्यूनतम् मूल्याँङ्कित सारभूत रुपमा प्रभाग्राही भई स्वीकृतिको लागी छनौट भएकोले सार्वजनिक खरिद ऐन २०६३, को दफा २७ को उपदफा (२) र दफा ४७ (१) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| क्र.सं | सूचना प्रकाशित मिति | ठेक्का नं. | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंङ्क (भ्याट बाहेक) |
|---|---|---|---|---|---|
| 1 | २०८२/०८/२१ (मिशन टुडे राष्ट्रिय दैनिक) | G/GRM/NCB /02/2082-083 | Procurement for purchasing, supply and delivery sanitary pad. | श्री ए.जी. हेल्थ इण्डष्ट्रिज प्रा.लि. काठमाण्डौ १६, वनस्थली । | रु. ५६३६४४।- (अक्षरेपी : पाँच लाख त्रिसठ्ठी हजार छ सय चवालिस मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

■ नेपाल र भारतका सुरक्षा जानकारहरूको जोड

# हातहतियार र नक्कली मुद्रा तस्करी रोकथामलगायत विषयमा साझेदारी जरूरी




■ सौर्य समाचार

काठमाडौं । नेपाल र भारतबीच खुला सीमाका कारण बढ्दै गएको लागुऔषध, हातहतियार, नक्कली मुद्रा तस्करी, अवैध व्यापार, सीमापार आतंकवाद र गलत सूचनाजस्ता चुनौतीलाई सम्बोधन गर्न २ देशबीच सुदृढ सुरक्षा सहकार्य र सूचना आदानप्रदान आवश्यक रहेको जानकारहरूले बताएका छन् । नेपाल इन्स्टिच्युट फर इन्टरनेसनल कोअपरेसन एन्ड इन्गेजमेन्ट (नाइस) ले मंगलबार काठमाडौंमा आयोजना गरेको प्रबुद्ध व्यक्तिहरू सम्मिलित 'नेपाल-भारत सुरक्षा सहकार्य सुदृढीकरण' विषयक कार्यक्रममा २ देशका सुरक्षा विज्ञ, विश्लेषक तथा नीतिगत क्षेत्रका सरोकारवालाले बदलिँदो क्षेत्रीय चुनौती र अवसरबारे छलफल गर्दै यस्तो आवश्यकता औंल्याएका हुन् ।

सुरक्षा सहकार्यलाई द्विपक्षीय सम्बन्धको मेरुदण्ड मान्दै भारतको आर्थिक वृद्धिबाट नेपालले लाभ लिनुपर्ने, दुवै देशले ऊर्जा व्यापार र पारवहन विस्तारमा जोड दिनुपर्ने तथा राजनीतिक स्थायित्व, संस्थागत सुदृढीकरण र व्यावहारिक संलग्नतामार्फत दुवै देशबीच दिगो एवं परस्पर लाभ हुने विषयमा सहकार्य गरिनुपर्ने उनीहरूको निष्कर्ष छ । कार्यक्रममा सुरक्षा सहकार्य, सीमापारका जोखिम, कनेक्टिभिटी र नेपाल-भारत सम्बन्धमा आर्थिक सुरक्षामाथि केन्द्रित सत्रमा बोल्दै इन्डिया फाउन्डेसनका कार्यकारी उपाध्यक्ष क्याप्टेन डा.आलोक वंशलले सुरक्षा चिन्ता र रक्षा चिन्तालाई फरक-फरक रूपमा बुझ्नुपर्ने बताए ।

नेपाल-भारत खुला सीमालाई उल्लेख गर्दै उनले दुवै देशबीच अझ राम्रो समन्वय, सूचना आदानप्रदान र गुप्तचर (इन्टेलिजेन्स) साझेदारी आवश्यक रहेकोमा जोड दिए । खुला सीमाका कारण लागुऔषध र हातहतियार तस्करीजस्ता चुनौती बढेको उल्लेख गर्दै वंशलले विगतमा नेपाली भूमिबाट भारतीय नक्कली नोट र भारतबाट नेपाली नोट तस्करी भएका घटना स्मरण गराए । डा.वंशलले भारत विश्वकै तीव्र गतिमा बढ्दो अर्थतन्त्र भएको उल्लेख गर्दै नेपालले यसबाट फाइदा लिनुपर्नेसमेत जोड दिए । राजनीतिक तथा सुरक्षा विश्लेषक मेजर जनरल (अवकाश) विनोज बस्न्यातले नेपालमा राजनीतिक स्थायित्वबारे प्रश्न उठाउँदै निर्वाचनले मात्र स्थायित्व दिनसक्छ कि सक्दैन भन्ने विषयमा चिन्ता व्यक्त गरे । उनले अहिले नेपालमा राष्ट्रवाद, सुधारवादी एजेन्डा, युवाको भूमिका र राजसंस्था पुनःस्थापनाबारे भइरहेका बहस उल्लेख गर्दै स्थापित राजनीतिक दल र उदाउँदा दलहरूले मिलेर राजनीतिक निकास दिनुपर्नेमा जोड दिए ।

बस्न्यातले नेपाल-भारत सम्बन्धका लागि दुवै देशमा स्थायित्व, प्रतिकात्मक सन्तुलनभन्दा पनि व्यावहारिक अभ्यास र संस्थागत सहकार्यका लागि संरचना निर्माणलगायतका विषय महत्त्वपूर्ण हुने बताए । उनले सुरक्षा सहकार्यलाई द्विपक्षीय सम्बन्धको मेरुदण्डका रूपमा विकास गर्नुपर्ने र नेपालमा समृद्धि राम्रो छिमेकीसम्बन्धबाटै आउनेसमेत बताए । काउन्सिल फर स्ट्राटेजिक एन्ड डिफेन्स रिसर्चका सहसंस्थापक डा.गौरव सैनीले अवैध व्यापार सबैभन्दा ठुलो समस्या भएको बताउँदै नक्कली मुद्रा तस्करी र सीमापार आतंकवादका जोखिम औंल्याए ।

उनले डिजिटल पूर्वाधारको आवश्यकता, जोखिममाथि संयुक्त निगरानी र सीमासुरक्षा बलबीच संयुक्त तालिम आवश्यक रहेको बताए । गलत सूचना र दुष्प्रचार पनि अहिलेको मुख्य चुनौती रहेको उनको भनाइ थियो । दुवै देशमा भइरहेको जनसांख्यिककीय परिवर्तनबारे उल्लेख गर्दै उनले विगतदेखि २ देशबीच चलिआएको 'रोटी-बेटी'सम्बन्ध आगामी पुस्ताले कसरी दिगो बनाउन सक्छ, भनेर सोच्नुपर्ने बताए । त्यस्तै, कार्यक्रममा पोलिसी इन्टरप्रेन्योर्स इन्कका निर्देशक अनुराग आचार्यले भौतिक कनेक्टिभिटी र आर्थिक निर्भरतामा जोड दिए ।

भारतसँग जोड्ने विभिन्न रेलमार्ग परियोजना निर्माणाधीन रहेको उल्लेख गर्दै उनले व्यापारिक कनेक्टिभिटीलाई प्राथमिकता दिनुपर्ने बताए । उनले नेपाल-भारत व्यापार घाटा उच्च रहेको भन्दै यसलाई गम्भीर चासोको विषय बनाइनुपर्ने धारणा राखे ।

एसियन इन्स्टिच्युट अफ डिप्लोमेसी एन्ड इन्टर नेसनल अफेयर्सकी एसोसिएट डाइरेक्टर डा.अंगना गुहा रोयले नेपाल अल्पविकसित मुलुकबाट स्तरोन्नति हुँदा व्यापारलगायतका क्षेत्रमा पाइरहेका सुविधा गुम्ने बताउँदै यस्तो अवस्थामा भारतसँग सहकार्य गरेर कसरी लाभ लिन सकिन्छ भन्ने विषयमा सोच्नुपर्ने बताइन् । उनका अनुसार हालको द्विपक्षीयसम्बन्ध आर्थिक लाभमा केन्द्रित हुँदै गएको छ । जहाँ प्रविधि र कनेक्टिभिटी सहकार्यका महत्त्वपूर्ण क्षेत्रका रूपमा विकास हुँदै गएका छन् ।

डा.रोयले नेपाल-भारत डिजिटल करिडोर, सीमापार प्रसारण लाइन र आगामी वर्षमा १० हजार मेगावाट विद्युत् व्यापार गर्ने सहमतिका विषय कार्यक्रममा उल्लेख गर्दै अरुण-३, फुकोट कर्णाली र माथिल्लो कर्णालीजस्ता जलविद्युत् आयोजना नेपालबाट भारत विद्युत् निर्यात गर्ने महत्त्वपूर्ण परियोजना भएको बताइन् । त्यस्तै, सीमापार पेट्रोलियम पाइपलाइन साथै सार्क, बिमस्टेक र बिबिआइएनजस्ता क्षेत्रीय संगठनमार्फत सहकार्य सुदृढ गर्न सकिने धारणा उनले राखिन् । कार्यक्रममा 'नेपाल-भारत सुरक्षा सहकार्य : सामञ्जस्य, सहकार्य र निरन्तरता' शीर्षकको सत्रमा युनाइटेड सर्भिस इन्स्टिच्युसन अफ इन्डियाका महानिर्देशक सञ्जय जसजित सिंहले खुला सीमा, इन्डो-प्यासिफिक सुरक्षा र त्यसको नेपालमा पर्ने प्रभावबारे चर्चा गरे ।

उनले सहज र छिटो कनेक्टिभिटी आवश्यक रहेको, सरकार र थिंकट्यांकबीच सहकार्य बढाउनुपर्नेलगायतका विषयमा जोड दिए । त्यसैगरी, नाइसका रिसर्च डाइरेक्टर डा.प्रमोद जैसवालले कनेक्टिभिटी, व्यापार तथा पारवहन, विद्युत् सहकार्य र जनस्तरकोसम्बन्ध नेपाल-भारत सम्बन्धका मुख्य आधार भएको उल्लेख गर्दै सुरक्षा सहकार्यलाई दिगो र परस्पर लाभदायी साझेदारीको प्रमुख स्तम्भका रूपमा विकास गर्नुपर्नेमा जोड दिए ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/१०/२८

यस कम्पनीको मिति २०८२।१०।२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **सुर्खेत कम्प्युटर इष्टिच्युट तथा कोचिङ सेन्टर प्रा.लि. (दर्ता नं. १६१९१३)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१०।२३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **नेक्सल एकेडेमी सेन्टर प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०८२/१०/२८

यस कम्पनीको मिति २०८२।१०।११ मा सम्पन्न विशेष साधारण सभाको निर्णयानुसार साविक कम्पनी **मध्यपुर इनोभेटीभ इन्भेष्टमेन्ट प्रा.लि. (दर्ता नं. १७१३३२)** को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८२।१०।१३ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **भिन्टेज क्यापिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७।१२।१३ मा दर्ता भएको **प्रा.लि. नं. ८१८८५** को **आग्नय टेक्नोलोजि प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२।१०।२७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७६।०४।२३ मा दर्ता भएको **प्रा.लि. नं. २२०९६३** को **त्रियोग प्रेस सोलुसन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

## दार्चुलामा प्रहरी हवल्दारको हत्या
# ३ अभियुक्त पक्राउ, ४ जना फरार

■ सौर्य समाचार

दार्चुला । जिल्लामा जनपद प्रहरीका हवल्दारको हत्या घटनामा संलग्न रहेको अभियोगमा ३ जना पक्राउ परेका छन् । प्रहरी हवल्दार योगेन्द्रबहादुर घर्तीको हत्या अभियोगमा महाकाली नगरपालिका-४ की २० वर्षीया दिपिका पाल, २१ वर्षीया पायल लुहार र सुरेन्द्र बमलाई पक्राउ गरिएको प्रहरी नायव उपरीक्षक गौरव महतले जानकारी दिए । पक्राउ परेकी दिपिका महाकाली-४ मा सञ्चालित 'अस्मिता बियर बार'का सञ्चालक आशिक पालकी कान्छी पत्नी भएको उनले बताए । मृतक प्रहरी हवल्दार घर्ती पनि महाकाली नगरपालिका-४ कै बासिन्दा हुन् ।

प्रहरी नायव उपरीक्षक महतका अनुसार घटनामा संलग्न रहेको आशंका गरिएका 'अस्मिता बियर बार'का सञ्चालक आशिक, उनकी जेठी पत्नी लक्ष्मी बडू, आशिकका भाइ मनिस पाल र राजेन्द्र डँडाल गरी ४ जना फरार रहेका छन् । घटनापछि फरार रहेका व्यक्तिहरूको खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । जिल्ला प्रहरी कार्यालयअन्तर्गत महाकाली नगरपालिका-४ बांगाबगडमा सामुदायिक प्रहरी बिटमा कार्यरत ३८ वर्षीय प्रहरी हवल्दार घर्ती सोमबार राति मृत फेला परेका थिए ।